सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक

# शुभम सन्देश

Shubham Sandesh

National DAILY दैनिक

वर्ष :५ अंक ८३ २०८० साल, मंसीर १५ गते शुक्रबार, Friday 1 Dec, 2023 मूल्य रु. ५/- पृष्ठ :४

## मधेस प्रदेशमा योजना तथा कार्यक्रमहरु अझ सञ्चालनमा आएन




***शुभम सन्देश,***
***बिरगंज, १४ बारा***

मधेस प्रदेशमा योजना तथा कार्यक्रमहरु अझ सञ्चालनमा आएको छैन । चालु आर्थिक वर्षको पहिलो चौमासिक सकिँदासमेत प्रदेश सरकारको योजना तथा कार्यक्रम हाल सम्म पूर्णरुपमा सुरु भएका छैनन् ।भूमि, कृषि तथा सहकारी मन्त्री गोविन्द बहादुर न्यौपानेका अनुसार अर्थ मन्त्रालयबाट बजेट सञ्चालन स्वीकृति ढिलो आएकाले अहिलेसम्म योजना तथा कार्यक्रम सञ्चालन गर्न सकिएको छैन ।उनले दसैं अघिमात्रै अर्थ मन्त्रालयले बजेट सञ्चालन स्वीकृति पठाएको जानकारी दिए । बिचमा दसैं, तिहार र छठ पर्व परेका कारण काम हुन नसकेको उनको भनाइ छ ।प्रदेश सरकार मातहतका कुनै पनि मन्त्रालयको विकासे योजना तथा कार्यक्रम हालसम्म सुरु भएको छैन । अरु मन्त्री पनि अर्थ मन्त्रालयबाटै बजेट सञ्चालन स्वीकृति ढिला आउँदा योजना तथा कार्यक्रम सञ्चालन गर्न ढिला भएको बताउँछन् ।चालु आर्थिक वर्षको पाँचौं महिना चलिरहँदा प्रदेश सरकारको योजना तथा कार्यक्रमको प्रगति लगभग शून्य रहेको छ ।चालु आर्थिक वर्षको साउन महिना देखि मंसिर ७ गतेसम्म मधेस प्रदेश सरकार र मातहत निकायले कुल बजेटको ३.४१ प्रतिशत बजेट मात्रै खर्च गर्न सकेको छ । जसमा चालुतर्फ १.०५ प्रतिशत र पुँजीगततर्फ करिब २ प्रतिशत बजेट खर्च भएको मधेस प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ ।मधेस प्रदेश लेखा नियन्त्रक कार्यालयको तथ्याङ्क अनुसार चालु आर्थिक वर्षको कुल बजेट ४४ अर्ब ११ करोड ४६ लाख ३२ हजार रहेकोमा हालसम्म १ अर्ब ५० करोड ७३ लाख २३ हजार २२ रुपैयाँ ३६

बाँकी तेस्रो पृष्ठमा........

श्री काँटवासी माई पञ्चबर्षिय पूजा एवं मेला समिति
मुल समितिको कार्यालय
महागढीमाई नगरपालिका वडा नं. ७
तेलगाई, बारा ।

प.स. :२०८०/०८१
च.न. :-

सुचना सुचना सुचना

प्रस्तुत विषयमा महागढीमाई नगरपालिका अन्तर्गत वडा नं. ७ तेलगाईमा अवस्थित श्री काँटवासी माई पञ्चबर्षिय पूजा एवं मेला व्यव्थापन तथा सञ्चालनको लागि मेलाको मनोरंजन डाँक बढावढ हुने मेला मुल समितिको निर्णयानुसार तपसिल बमोजिमको शर्तको अधिनमा रही उल्लेखित मिति समय र स्थानमा डाँक बढावढ हुने ब्यहोरा जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

मिति- २०८०।०८।१७ गते आईतवार
समय- दिउसो ०१.०० बजे
स्थान- श्री काँटवासी माई मन्दिर प्रांगन

शर्तहरु-
१.ठेक्काको न्युनतम कबोल रकम रु.३०१०००।- अक्षरेपी रु. तीन लाख एक हजार मात्र रहने छ ।

२.ठेक्का सकार गर्ने ठेकेदार नेपाली नागरिक भएको हकमा कबोल रकमको ५ प्रतिशत र बिदेशी ठेकेदारको हकमा कबोल रकमको १० प्रतिशत धरौटी रकम जम्मा गर्नु पर्नेछ ।

३.ठेका कबोल रकम एकमुष्ट मेला समितिको खाता/ नगद जम्मा गर्नु पर्नेछ ।

४. ठेका सकार गर्ने ठेकेदारले तोकिएको समय भित्र एकमुष्ट रकम जम्मा नगरेमा निजको धरौटी रकम जफत गरी दोश्रोलाई मेला समितिले पत्राचार गर्नेछ र सोही अनुसार दोश्रोले जम्मा गर्न नसके तेश्रोलाई मान्यता दिईनेछ ।

५.यसमा उल्लेख हुन छुट भएका विषयहरु मेला समितिको निर्णयानुसार हुनेछ ।

शिवेन्द्र प्रताप सिंह
अध्यक्ष

## काटबासी माई पञ्चवर्षिय मेलाको तयारी तिब्र,

***दास पान्नालाल***
***बिरगंज, १४ मंसिर***



काँटबासी माईको पञ्चवर्षिय मेला सफल बनाउन पालिकाको अग्रसरतामा मेला समिती तयारीमा जुटेका छन्।यहि मंसिर २७ गते (ई. स. ता. 13 Dec 2023)देखि हुने कलश यात्रासँगै मेला औपचारिकरुपमा शुरु हुने भएको छ। पुस ३ गते ( ई. स. ता.19 Dec 2023)को बलि चढाईने मेला मुल समितिले जनाएको छ ।

## राक्सिराङमा ‘चेपाङलाई बिजुली कार्यक्रम’

राष्ट्रिय समाचार समिति (रासस) मनहरी (मकवानपुर), १४ मङ्सिर :

मकवानपुरको राक्सिरराङ गाउँपालिकाले अभियान सुरु गरेको छ। अहिले गाउँपालिकाको सबै वडामा विद्युत् सेवा पुर्‍याउने गरी काम भइरहेको छ ।राक्सिरराङको खैराङ, काँकडा, दाम्राङलगायतका क्षेत्रमा विद्युत् सेवा पुग्न बाँकी छ ।

खैराङ, काँकडालगायत विद्युत् नपुगेको स्थानमा अहिले दैनिक करिब दुई सय मजदुरले पोल गाड्ने, तार तान्नेलगायतका काम गरिरहेको राक्सिराङ गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले जानकारी दिनुभयो। गत वैशाखसम्ममा ‘राक्सिराङको विकट गाउँमा विद्युत् सेवा पुग्न सकेको छैन। विद्युत् विस्तार गर्ने क्रममा वडा नं ९ को खैराङ र ७ को धिराङ, दाम्राङलगायतका क्षेत्रमा यसै आर्थिक वर्षभित्र बत्ती बाल्ने गरी धमाधम काम भइरहेको उहाँले बताउनुभयो। रु ३१ करोडको बजेटमा नरेन्द्र इलेक्ट्रोनिक कम्पनी काठमाडौंले काम गरिरहेको र विद्युत्को कामका लागि स्थानीयस्तरबाट समेत सहयोग भइरहेको उहाँले बताउनुभयो। “मजदुर सँगै स्थानीयले काम गरिरहेका छन्, विद्युत् नपुगेको ठाउँमा पुर्‍याउने र काठेपोल विस्थापित गर्ने अभियानमा लागेका छौँ”, अध्यक्ष मल्लले बताउनुभयो। सहजरूपमा विद्युत् उपलब्ध भएपछि पर्यटन उद्योग र कृषिलाई पनि यहाँ सहज हुने छ। यस क्षेत्रमा सामूहिक कार्यका लागि सामुदायिक भवन बनाउने, गलैंचा उद्योग खोल्नेलगायतका योजना अघि बढेको अध्यक्ष मल्लले बताउनुभयो। विद्युत् उपलब्ध भएपश्चात घरैबाट गलैंचाको काम गर्न सकिने उहाँले बताउनुभयो। आगामी वैशाख महिनासम्म यस क्षेत्रमा विद्युत्बाट बत्ती बाल्ने योजना रहेको र सँगसँगै बाटो सफा गर्ने अभियान पनि सञ्चालन भइरहेको जनाइएको छ। राक्सिराङ भौगोलिकरूपमा विकट रहेको गाउँपालिका हो।

## नारायणगढ-मुग्लिन खण्डका दुई पुल सञ्चालनमा

राष्ट्रिय समाचार समिति (रासस) भरतपुर, १४ मङ्सिर : नारायणगढ-मुग्लिन सडकखण्डका दुई पुल सञ्चालनमा आएका छन् । लामो बालुवा र डुम्रे खोलामा निर्माण गरिएका पुल बुधबारदेखि सञ्चालनमा आएका हुन् । यससँगै दुईवटै पुल भएर गाडी गुड्न थालेको नागढुङ्गा-मुग्लिन सडक आयोजना पश्चिम खण्ड (नारायणगढ-मुग्लिन)का इन्जिनियर विजय दराईले जानकारी दिनुभयो । उहाँका अनुसार यसअघि पाँचवटा पुल सञ्चालनमा आइसकेका छन् । सडकखण्डका १९ मध्ये पहिलो चरणमा पाँच पुल निर्माण भएका हुन । सेती दोभानको पुल यसअघि नै निर्माण सम्पन्न भएर सञ्चालनमा आइसकेको दराईले बताउनुभयो । शुक्रबारसम्म टोपेखोला र चिसेन्जीको पुलसमेत सञ्चालनमा ल्याउने तयारी गरिएको उहाँले जानकारी दिनुभयो । निर्माणाधीन पुलमध्ये आठ वटा पुल दुई महिनाभित्र सञ्चालनमा ल्याउने गरी काम भइरहेको उहाँले बताउनुभयो । “अधिकांश पुलको निर्माण अन्तिम चरणमा छ”, इन्जिनियर दराईले भन्नुभयो, “कालोपत्र र मर्मतको काम सकिएपछि दुई महिनाभित्र सञ्चालनमा ल्याउँछौं ।” दुई महिनाभित्र जुगेडी, सिमलताल, रिद्धी, भोर्ले, नाम्सी, टोपे, कालीखोला र खहरेमा निर्माण भइरहेका पुल सञ्चालनमा आउने छन् । खहरे दुई र तुइन खोलामा भने पुल निर्माण हुन समय लाग्ने भएको छ । खहरेको पुल निर्माणको ५० प्रतिशत काम सकिएको छ भने तुइन खोलामा निर्माणको काम अघि बढ्न सकेको छैन । तुईन खोलामा पहाड काट्न समस्या भएपछि काम रोकिएको हो । आयोजनाले अहिले भारतबाट विस्फोटक पदार्थ ल्याएर पहाड फोर्ने तयारी गरेको छ । “सम्भवत एक महिनाभित्र विस्फोटक पदार्थ ल्याएर पहाड फोर्ने तयारी भइरहेको छ, आयोजनाका सूचना अधिकारी कृष्ण आचार्यले भन्नुभयो, “बारुद राख्नका लागि नेपाली सेनाद्वारा बंकरको निर्माण गर्ने काम भइरहेको छ ।” यस सडकखण्डमा २०७६ चैतदेखि १५ पुल निर्माण थालिएका थिए । विश्व बैंकको सहयोगमा पुल निर्माण गरिएका हुन् ।

## ७८ जनामा एचआइभी सङ्क्रमण

चितवन, १४ मङ्सिर : सन् २०२३ को ११ महिनामा जिल्लामा ७८ जना एचआइभीबाट सङ्क्रमित भएका पुष्टि भएको छ । छत्तिसौं विश्व एड्स दिवसका अवसरमा एड्स हेल्थ फाउण्डेसन नेपाल भरतपुर अस्पतालले बिहीबार यहाँ पत्रकार सम्मेलन गरेर दिएको जानकारीअनुसार चार सय २५ जनाको परीक्षण गर्दा ७८ जनामा एचआइभी सङ्क्रमण पुष्टि भएको हो । परीक्षण गरिएकामध्ये

बाँकी तेस्रो पृष्ठमा........

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
शुभम सन्देश
Shubham Sandesh
National DAILY दैनिक



# नीति निर्माणमा लोकतान्त्रिक शैली : मैले अष्ट्रेलियामा के सिकें ?

सार्वजनिक नीति/निर्णय निर्माण र कार्यान्वयन सरकारको प्रमुख कार्य क्षेत्र हो। यस मार्फत सरकारको मूल्याङ्कन गर्न सकिन्छ। नीति निर्माण राजनीतिक नेतृत्वले गर्ने र कार्यान्वयन प्रशासन संयन्त्रले गर्ने भए पनि यी दुवै प्रक्रियामा दुवै पक्षको महत्वपूर्ण भूमिका हुन्छ। नीति निर्माणका लागि आवश्यक अध्ययन, अनुसन्धान, तयारी, विश्लेषण आदि गरी राजनीतिक नेतृत्वलाई तथ्यमा आधारित सही सल्लाह, सुझाव दिने तथा नीतिगत विकल्पहरूको प्रस्तुति गर्ने काम प्रशासनिक नेतृत्वको हुन्छ।

त्यसैगरी राजनीतिक सहमति तथा सहयोगको वातावरण निर्माण गरी भुइँतहसम्म नीतिको फल वितरणमा प्रशासनलाई सहजीकरण गर्ने कार्य राजनीतिक नेतृत्वको हुन्छ। हामी सार्वजनिक नीति-निर्माणका आधुनिक मान्यताले जनसहभागिता र जनअपेक्षालाई सर्वोपरि राख्न थालेको लोकतान्त्रिक आधुनिक परिप्रेक्षमा बाँचिरहेका छौं। नेपालको नीतिनिर्माण तथा सरकारका निर्णय प्रक्रियाहरू अलोकतान्त्रिक, अपारदर्शी र जनचाहना विपरीत भएकै कारण विद्यमान व्यवस्थाप्रति नै जनताको आक्रोश देखिन थालेको छ। लोकतान्त्रिक शासन व्यवस्थाप्रति जनताको सन्तुष्टि वा असन्तुष्टि निर्धारण गर्ने प्रमुख पक्ष भनेको नै निर्णय निर्माणमा जनसहभागिता, पारदर्शिता र सरकारको जवाफदेहिता हो।नेपालमा धेरैपटक आन्दोलन भयो, धेरैपटक व्यवस्था परिवर्तन भयो, हरेक दशक जसो नयाँ संविधान भन्दै ६ वटा त संविधान नै लेखिसक्यौं। राणाशासन फाल्यौं, निर्दलीय पञ्चायत शासन फाल्यौं, राजतन्त्र फाल्यौं। पछिल्लो समयको संविधान त झन् जनताले संविधान नै बनाउनको लागि चुनेको सभाबाट जारी गर्न सफल भयौं।

तर पनि अझै किन व्यवस्थाप्रति नै प्रश्न उठ्छ ?यसको मुख्य कारण भनेको व्यवस्था लोकतान्त्रिक वा गणतान्त्रिक भए पनि नेपालमा हुने वा भएका अधिकांश महत्वपूर्ण निर्णय, नीतिहरू लोकतान्त्रिक प्रक्रिया विना सीमित व्यक्तिहरूको स्वेच्छा वा उनीहरूकै डिजाइनमा भयो वा भइरहेका छन्। सार्वजनिक नीति निर्माणमा वास्तविक जनताको बिम्ब देखिएन। सार्वजनिक नीति तथा निर्णय निर्माणको प्रक्रियामा अवलम्बन गरिएको वा गरिने अलोकतान्त्रिक चरित्र नै सरकार वा व्यवस्थाप्रति जनताको अविश्वास र आक्रोश बढाउने मुख्य कारक हो।सरकारका पछिल्ला दुई निर्णयले व्यापक चर्चा पायो- गणतन्त्र दिवसको अवसरमा सरकारले कैदीहरूलाई दिएको माफी मिनाहाको निर्णय तथा भर्खरै भएको टिकटक प्रतिबन्ध। प्रतिनिधिमूलक यी दुई निर्णयको प्रक्रियामा जनताको आवाज सरकारले सुन्यो त वा सुन्ने, बुझ्ने प्रयास गर्‍यो त? अथवा राज्यका मुख्य नीतिगत निर्णयहरूमा वास्तविक जनताको सहभागिता र सहमति छ त? यथार्थ के हो भने सरकारका यस्तै अधिकांश निर्णयमा वास्तविक जनताको सहभागिता वा सहमतिलाई बेवास्ता गरेको देखिन्छ।

सारमा यस्ता निर्णय कसैलाई राम्रो लाग्ला कसैलाई नराम्रो तर निर्णय प्रक्रिया लोकतान्त्रिक देखिंदैन। लोकतन्त्रमा सारभन्दा महत्वपूर्ण हुन्छ लोकतान्त्रिक प्रक्रिया। सीमित नेताको बैठक बसेर हठात् गरिने निर्णय वा नीतिहरूले निरङ्कुश व्यवस्थाको झल्को दिन्छन् जसमा जनताले अपनत्व ग्रहण गर्न सक्दैनन्।यहाँ म अष्ट्रेलियाली नीति निर्माणको दुइटा दृष्टान्तबारे चर्चा गर्दैछु जसमा म आफू पनि कुनै न कुनै रूपमा जोडिएको थिएँ।एउटा सन्दर्भ हो- अष्ट्रेलियन मानवअधिकार आयोग (एएचआरसी) ले बनाउँदै गरेको 'एन्टी रेसिज्म फ्रेमवर्क'। आयोगले वर्णका आधारमा हुने भेदभाव वा यहाँका आदिवासीप्रति हुने भेदभावलाई कसरी सम्बोधन गर्न सकिन्छ, उनीहरूका हकअधिकारलाई कसरी सुनिश्चित गर्न सकिन्छ भनेर राष्ट्रिय नीति निर्माण गर्ने काम गरिरहेको छ।म अध्ययनरत सिड्नी विश्वविद्यालयको सिड्नी पोलिसी रिफर्म प्रोजेक्ट मार्फत एएचआरसीको उक्त फ्रेमवर्क निर्माणको प्रक्रियामा योगदान दिने अवसर पाएको अनुभवको आधारमा नीति वा निर्णय निर्माण प्रक्रियाका बारेमा चर्चा गर्दैछु।

एएचआरसीबाट हामी ५ जनाको समूहले पाएको मुख्य कार्यादेश के थियो भने एन्टी रेसिज्म फ्रेमवर्क निर्माणमा कस्तो सहनिर्माण पद्धति अपनाउन उपयुक्त हुन्छ, उत्कृष्ट अभ्यासहरूको अध्ययन गरी सिफारिस गर्ने।यो भनेको कसरी यो फ्रेमवर्क निर्माणमा वास्तविक नागरिकलाई सहभागी गराउने भनेर उपयुक्त मोडलको खोजीमा छ आयोग। यसै सन्दर्भमा हामीलाई विश्वका उत्कृष्ट अभ्यासहरूको अध्ययन गरेर सुझाव सहितको प्रतिवेदन पेश गर्ने कार्यदेश प्राप्त भएको थियो। एएचआरसी यो फ्रेमवर्क बनाउन केही वर्षदेखि लागिपरेको छ जसमा संघीय सरकारले आर्थिक सहयोग गरिरहेको छ।

आयोगले सन् २०२१ को मार्चदेखि यो नीति बनाउनको लागि निरन्तर अध्ययनसँगै जनताको अनुभव र आवाज बुझ्ने काम गरिरहेको छ। यो नीति बनाउनको लागि हाम्रो समूहले अध्ययन गरेर सिफारिस सहित बुझाएको प्रतिवेदन एउटा सानो अंश मात्रै हो। एएचआरसीले पहिलो चरणमा समुदायसँगको छलफल, विभिन्न संघसंस्था, विज्ञहरूबाट के सुझाव प्राप्त भयो भनेर प्रतिवेदन समेत सार्वजनिक गरेको छ।हालसम्मको बृहत् अभ्यासबाट उक्त फ्रेमवर्क बनाउन यहाँका मुख्य आदिवासीहरूको अनुभव, उनीहरूको अन्यायपूर्ण विगत र त्यसले उनीहरूको जीवनमा पारेको प्रभावलाई केन्द्रमा राख्नुपर्दछ भन्ने सिद्धान्तलाई आत्मसात् गरिएको छ।यसरी बन्ने नीति माथिबाट लादिएको (टप-डाउन) भन्दा पनि समुदायको अनुभव झल्किने गरी उनीहरूकै सहभागिता र सक्रियतामा केन्द्रित (बटम-अप) हुने निश्चित छ जसले उक्त नीतिप्रति जनसमर्थन प्राप्त भई कार्यान्वयन गर्न समेत सहज हुन्छ।यसरी प्रक्रियामा नै धेरै स्रोत-साधन र समय लगाएर बनाएको कुनै पनि नीति सामान्यतया कार्यान्वयनमा सहज हुने र त्यसको दीर्घकालीन प्रभाव समेत अत्यन्तै सकारात्मक हुन्छ।

यस अनुभवलाई मैले नेपालको छुवाछूत तथा भेदभाव विरुद्धका कानुन र नीतिहरू बनेका प्रक्रियासँग तुलना गरें।यी नीति निर्माणको प्रक्रियामा भेदभाव वा छुवाछूतमा परेका वा पर्ने आवाजविहीन भुइँमान्छेको सहभागिता थियो त? अथवा भेदभाव गर्ने भनिएका वर्गको समेत सक्रिय सहभागिता थियो त? के नीति जारी गर्नुपूर्व नै नीति पालना गर्ने पक्षलाई नीतिगत बहस मार्फत पालना गर्न तयार पारिएको थियो त? के कार्यान्वयन संयन्त्र, नियमन संयन्त्र, अनुगमन मूल्याङ्कनको पक्ष आदिका सम्बन्धमा सरोकारवालाहरूको सहभागितामा निर्क्योल गरिएको थियो त? पक्कै पनि थिएन। त्यसैले नीति एकातिर व्यवहार अर्कैतिर भएको अद्यापि पाइन्छ।अर्को सरकारी निर्णय स्थानीय सरकारसँग सम्बन्धित छ।

कम्बरल्यान्ड सिटी काउन्सिल ( सिड्नी, अष्ट्रेलिया) को बासिन्दा भएको नाताले मेरो अस्थायी बसोबास रहेको क्षेत्र नजिकै अर्ग्यानिक फोहोर विसर्जन र प्रशोधन केन्द्र विकास गर्न लागेको प्रस्तावको सन्दर्भमा छ। आफ्नो वासस्थान नजिकै फोहोर व्यवस्थापन केन्द्र निर्माण हुने भएपछि चासो लिन मन लाग्यो।यहाँको राम्रो पक्ष के रैछ भने उक्त संरचना निर्माण गर्ने प्रस्तावउपर सरोकारवाला स्थानीय बासिन्दाहरूसँग काउन्सिलले छलफल, अन्तरक्रिया गरिरहेको थियो। नेपालमा पनि नीतिनिर्माणमा सरोकारवालासँग छलफल अन्तरक्रिया त हुन्छ तर ती छलफल अन्तरक्रियामा भुइँतहका मानिसको पहुँच हुँदैन वा उसको आवाजको कदर हुँदैन। सामान्य जनताको रूपमा तीन दशक बिताउँदासम्म मैले नेपालका कुनै सार्वजनिक निकायमा यसरी कुनै प्रस्तावित नीतिमा आफ्नो भनाइ, समर्थन वा विरोध औपचारिक रूपमा राख्न पाएको थिइनँ।हाल म सिड्नीस्थित यस क्षेत्रको अस्थायी डेरावाल बासिन्दा भए पनि काउन्सिलले आफ्नो सरोकार राख्न आह्वान गरेबमोजिम मैले उक्त संरचना निर्माणले मेरो दैनिकीमा पर्ने असर, प्रभाव लगायत मैले भोग्ने र भोगेका समस्याको तर्क सहित उक्त संरचना निर्माणको विरोध इमेल मार्फत राखें। यो औपचारिक प्रक्रिया थियो। केही दिनपछि काउन्सिलले मेरो नाममा औपचारिक पत्र लेख्दै मैले लेखेको विरोधपत्र प्राप्त भएको र उक्त प्रस्तावित आयोजनाको मूल्याङ्कनका क्रममा मेरो लगायत प्राप्त भएका सम्पूर्ण विरोध, समर्थन तथा सल्लाह-सुझावका प्रमुख मुद्दा तथा तर्कहरूको समेत विश्लेषण तथा मूल्याङ्कन गरिनेछ भन्ने जवाफ प्राप्त भयो।उक्त आयोजना अझै मूल्याङ्कनकै चरणमा रहेको, के कसो भइरहेको छ त्यसको अद्यावधिक विवरण बेला-बेला इमेल मार्फत मलाई प्राप्त भइरहेको छ। उक्त आयोजना अगाडि बढ्छ वा बढ्दैन भन्दा पनि मेरो निवेदनले औपचारिक निर्णय प्रक्रियामा स्थान पायो भन्ने मात्र बोध हुँदा नै म खुसी छु र त्यस स्थानीय सरकारको निर्णय गर्ने प्रक्रियाको म प्रशंसा गर्दैछु।

मेरो बुझाइ के मात्रै हो भने सारमा कुनै नीति वा निर्णय के हुन्छ भन्दा पनि राज्य सञ्चालनमा कतिपय नीति वा निर्णयको प्रक्रियाले निर्णयको समर्थन वा विरोधको पृष्ठभूमि निर्माण गर्दछ।प्रक्रियामा सहभागी भएको कुनै व्यक्तिको भनाइ विपरीतकै निर्णय भए पनि उसले विरोध गर्न सक्दैन किनकि प्रक्रियागत वैधता पार गरेको कुनै नीति वा निर्णको धरातल बलियो हुन्छ र निर्णयका तर्कपूर्ण आधार र कारण हुन्छन्।त्यही भएर विकसित देशहरूमा शासन प्रक्रियामा जनतालाई कसरी बढीभन्दा बढी सहभागी गराउने भनेर नयाँ-नयाँ अभ्यासहरूको विकास र प्रयोग हुँदैछन्। सहभागितामूलक प्रणाली, सह-निर्माण, सह-उत्पादन आदि यसका उदाहरण हुन्।

नेपालका स्थानीयस्तरमा हुने अधिकांश निर्णयका सरोकारवाला भनेको सीमित राजनीतिक दलका स्थानीय नेता प्रतिनिधि, स्थानीय टाठाबाठा वा अभिजात वर्ग हुन् जहाँ म जस्ता कुनै सामान्य नागरिकले सरकारका नीतिहरूमा आफ्ना भनाइ राख्ने मौका सायदै कसैले पाउलान्।अनौपचारिक रूपमा आफ्नो कुरा राख्न यदाकदा पाए पनि त्यसको कदर हुने वा नीतिगत निर्णयमा त्यसको विश्लेषण वा मूल्याङ्कन भयो वा भएन भन्ने समेत थाहा नहुने भएपछि त्यसरी भनाइ राख्नुको पनि खासै अर्थ हुँदैन।

**नेपालको नियति**

नेपालमा नीति-निर्माणलाई सरकारले जनताका लागि गरिदिने कुनै प्रबन्धका रूपमा हेरिन्छ। अझ सरकारलाई ठीक लागेअनुसारको नीति जारी गरिन्छ। राजनीतिक नेतृत्वमा मैले जनताको चाहना बुझेको छु र त्यसैअनुसारको नीति जारी गरेको भन्ने भान भएको प्रतीत समेत हुन्छ। यदाकदा त सार्वजनिक नीति कार्यकारीको मौखिक निर्देशनका माध्यमबाट समेत मुखरित भइरहेको हुन्छ जसले अन्योल सिर्जना गर्दछ। जस्तै विदेशबाट आउँदा ल्याउन पाउने मोबाइलको सन्दर्भमा सम्माननीय प्रधानमन्त्रीले दिएको निर्देशन र विद्यमान भन्सार सम्बन्धी कानुनी व्यवस्था बाझिंदा कार्यान्वयनमा झन् असहजता पैदा गरेको छ।

त्यसैगरी कतिपय नीतिहरू जारी भएपश्चात् पक्ष-विपक्षमा बहस सुरु हुन्छ। जुन कुरा निर्णय हुनुअघि हुनुपर्थ्यो। जसले गर्दा कार्यान्वयन समस्याग्रस्त भएको देखिन्छ।यी अवस्था हेर्दा नेपालको नीतिनिर्माण र कार्यान्वयन गर्न सरकार असफल हुँदै गएको देखिन्छ। यसले व्यवस्थाप्रति नै प्रतिरोध हुने अवस्था सिर्जना गरेको छ। नेपालको संविधानअनुसार सयौं कानुन निर्माण गर्ने काम एकातिर बाँकी छ भने अर्कोतिर अगाडि बढाएका कानुनको अवस्था सन्तोषजनक छैन। जसका लागि कुनै नीति वा कानुन ल्याइन्छ तिनको बृहत्तर हित र समग्र सफल व्यवस्थापनको संयन्त्र खुट्याउन नसक्दा कतिपय कानुन जारी हुनसकेका छैनन्।शिक्षक सेवा विधेयकमा शिक्षकको विरोध र निजामती सेवा विधेयकमा निजामती कर्मचारीको विरोध केही ज्वलन्त उदाहरण हुन्। जसका लागि कुनै नीति, कानुन बनाइन्छ तिनमा सरोकारवालाको समर्थन हुँदैन भने त्यस्तो कानुन वा नीतिले प्रजातान्त्रिक मुलुकमा कदापि वैधता प्राप्त गर्न सक्दैन। सफल नीतिनिर्माण र कार्यान्वयन गर्न प्रक्रियागत वैधताको ठूलो महत्व हुन्छ।सरकारले कुनै नीति वा निर्णय प्रक्रियामा वास्तविक सरोकारवाला (बिचौलिया वा स्थानीय टाठाबाठा वा अभिजात वर्ग वा राजनीतिक दलका नेता मात्र वास्तविक सरोकारवाला होइनन) लाई समेट्ने, उनीहरूको चासोलाई सम्बोधन गर्ने, व्यापक छलफल र अन्तरक्रिया गर्ने, र समग्र परिस्थितिको विश्लेषण गरी कारण र तर्क सहित तथ्यमा आधारित भई कुनै नीति वा निर्णय गर्ने हो भने उक्त निर्णयले प्रक्रियागत रूपमै जनताबाट वैधता प्राप्त गर्दछ र कुनै सरोकारवालाको चासो अनुकूल नभए पनि उक्त निर्णय मान्न सबै बाध्य हुन्छन्। तर उल्लिखित प्रक्रियालाई बेवास्ता गर्दै टप-डाउन शैलीमा नेतृत्वले सही ठानेको भरमा हुने जस्तोसुकै उत्कृष्ट भनिने नीति वा निर्णय पनि असफल हुने प्रबल सम्भावना हुन्छ।'ब्ल्याक्स बक्स' भित्रबाट एक्कासी नीति आएपछि त्यसको विरोध हुनु वा कार्यान्वयन हुन नसक्नु सामान्य हो। नेपालका अधिकांश नीति वा निर्णयहरूले भोगेको नियति यही हो। अनि सरकारले जनविश्वास गुमाउँदै जानु, व्यवस्थाप्रति नै प्रश्नचिह्न खडा हुनु आदि सबैको मूल कारण पनि यही हो। कुनै पनि नीति वा निर्णय सबैका लागि हितकर हुन सक्दैन।त्यसैले समर्थन र विरोध स्वाभाविक हुन्छ। तर प्रक्रियागत चरणमै विरोध वा समर्थनको नीतिगत बहस हुनुपर्नेमा कार्यान्वयन चरणमा यस्तो बहस हुने गर्दछ।

टिकटकमा प्रतिबन्ध लगाउने सरकारी कदम तीन दलका शीर्ष नेताले बसेर गरेको निर्णय हो जसले सार्वजनिक नीति-निर्माणको प्रक्रियागत चरण पार गरेको छैन। वास्तवमा नेपालका अधिकांश नीति बन्ने तथा निर्णय हुने प्रक्रिया नै यही हो। यस्ता नीतिहरूको वैधतामाथि प्रश्नचिह्न खडा हुन्छ र भइरहेको पनि छ।यस्ता नीतिहरू प्रायशः फेल हुन्छन् वा नतिजा प्रत्युपादक हुनसक्छ तथा यसले राज्यलाई अनावश्यक नोक्सानी वा हानि गर्दछ। नेपालमा सरकारप्रति जनताको आक्रोश र अविश्वास बढाउन यस्तै नीति वा निर्णय निर्माणको प्रक्रियाले भूमिका खेलेको छ।सही प्रक्रिया अपनाएका नीति वा निर्णयहरूको कार्यान्वयन सहज हुन्छ र यसले सफलता प्राप्त गर्दछ भने प्रक्रियागत वैधता नभएका नीतिहरू कार्यान्वयनयोग्य हुँदैनन् वा अधिकांश समस्याग्रस्त हुन्छन्।वास्तवमा यस्ता निर्णयहरू असफल हुनु नै पर्दछ किनकि लोकतन्त्रमा कुनै निर्णयको सार जति महत्वपूर्ण हुन्छ त्योभन्दा बढी प्रक्रिया महत्वपूर्ण हुन्छ र प्रक्रिया व्यापक जनसहभागितामूलक हुनुपर्दछ।

विज्ञको विज्ञता, अध्ययन तथा अनुसन्धानबाट प्राप्त हुने ज्ञान जत्तिकै महत्वपूर्ण हुन्छन् देशका जनताले भोगेका अनुभवहरू। देशका किसानको अनुभव नसमेटिएको कृषि नीति, बेरोजगार नेपालीको आवाज नसुनिएको बे/रोजगार नीति, श्रमिकको सहभागिता विना बन्ने श्रम नीति आदि प्रभावहीन हुन्छन्।कुनै पनि विज्ञले सबै जनताले बाँचेको जीवन सुहाउँदो नीति तयार पार्न सक्दैन। राजनीतिक नेतृत्वले त झन् विज्ञदेखि सबै सरोकारवालासँग सहजीकरण गर्ने, जनचेतना फैलाउने, नीतिको पक्ष-विपक्षको बहस जनसमुदायमाझ गराउने सहभागितामूलक प्रक्रियाको नेतृत्व गर्नुपर्दछ न कि नीतिको सर्जकको।नीति निर्माण राजनीतिले नै गर्ने हो तर आधुनिक लोकतान्त्रिक राज्यव्यवस्थामा यसको प्रक्रिया लोकतान्त्रिक जनसहभागितामूलक

**बाँकी तेस्रो पृष्ठमा........**

| | | |
|---|---|---|
| प्रकाशक | : | रामबाबु प्रसाद मेहता |
| प्रधान सम्पादक | : | अजय कुमार |
| सम्पादक | : | सरोज कुमार सिंह |
| सह सम्पादक | : | सरिता चौधरी |
| समाचार सम्पादक | : | तिवारी यादव |
| प्रबन्धक | : | मुकेश कुमार महतो |
| कानुनी सल्लाहकार | : | परमहंस केशरी |
| कम्प्यूटर लेआउट | : | म. फरिद |
| मुद्रक | : | बारा प्रिन्टीङ्ग प्रेस, कलैया उमनपा-४, बारा |
| ईमेल | : | subhamsandeshdaily@gmail.com |
| सम्पर्क नम्बर | : | ९८४५२१७३२९,९८५५०४५५५२, ०५३५५१४९७ |
| प्रधान कार्यालय | : | सिम्रौनगढ नपा ६, बारा |
| सम्पर्क कार्यालय | : | कलैया उमनपा १ (मोतिवाग), बारा |

# नीति निर्माणमा....................

हुनुपर्दछ जसको नेतृत्व अवश्य पनि राजनीतिले गर्ने हो।

**प्रतिनिधित्वको समस्या**

नेपालमा पनि नीति निर्माण सहभागितामूलक हुनुपर्ने कानुनी व्यवस्था नभएको होइन। तर अधिकांश स्थानीय वा केन्द्रीयस्तर मा हुने नीति तथा विकासका निर्णयमा सरोकारवालाका नाममा हुने सहभागिता नै दोषपूर्ण छ। स्थानीय तहमा अधिकांश समय सहभागिता जनाउने भनेको स्थानीय राजनीतिक दलका नेता तथा स्थानीय अभिजात वर्ग हुन्।केन्द्रीय तहमा समेत नीति निर्माणमा सीमित व्यक्तिहरूको सहभागिता हुन्छ। शिक्षा सम्बन्धी नीतिमा शिक्षा व्यवसायीहरू, स्वास्थ्य सम्बन्धी नीतिमा स्वास्थ्य व्यवसायीहरू आदि सरोकारवालाका रूपमा सहभागी भएकै हुन्छन्। राजनीतिक दलका नेता सबैतिर हुने नै भए अनि केही विज्ञहरू समेत सहभागी हुन्छन्।

के यिनले सामान्य जनताको भुइँमान्छेको प्रतिनिधित्व गर्न सकेका छन् त ? सहभागितामूलक नीति निर्माणको मर्म समेट्न सकियो त ? छैन भने वास्तविक जनता वा सरोकार वालाको सहभागिता सुनिश्चित गर्न व्यावहारिक प्रयास के गरेको छ त सरकारले ?केही समय अगाडिको शिक्षक आन्दोलनकै उदाहरण हेरौं। देशभरका हजारौं शिक्षकको आन्दोलन केही सीमित प्रतिनिधिसँग वार्ता गरेर टुङ्ग्याइयो। सामान्यतया यस्ता आन्दोलनको नेतृत्व गर्ने पेशागत संगठनका नेतृत्व नै हुन्छन् र ती मुख्य राजनीतिक दलसम्बद्ध हुन्छन्। अनि उक्त समूहले के आन्दोलन गर्न आएका ती तमाम शिक्षकको आवाज बोल्यो होला त ? के ती प्रतिनिधिको माग पूरा गर्दा अन्य सरोकारवालाको आवाज सुन्नुपर्दैन? त्यस्ता नेतृत्व गर्ने समूहसँगको छलफलले मात्र सरोकारवालाको मर्म समेट्दैन।

शिक्षा सम्बन्धी नीति बनाउँदा सरोकारवाला जुनसुकै शिक्षक, विद्यार्थी, अभिभावक तथा चासो राख्ने जो-सुकै नागरिकले आफ्नो भनाइ वा सुझाव राख्न पाउनुपर्दछ र नीति निर्माण गर्नुपूर्व ती सबै सरोकारहरूको विश्लेषण गर्नु आवश्यक हुन्छ। नेपालका अधिकांश महत्वपूर्ण नीति तथा निर्णयहरू आन्दोलनको फलस्वरूप सीमित प्रतिनिधिको सहभागितामा बनेका हुन्। उदाहरणको रूपमा समग्र मधेशप्रतिको राज्यको नीति मधेश आन्दोलनको जगमा केही प्रतिनिधिको चाहना अनुसार तय भएको हो, यसमा सबै मधेशी जनताको वास्तविक सहभागिता भएको छैन।राज्यका यस्तै अन्य तमाम नीतिहरू केही प्रतिनिधिको सहभागितामा बनेका छन्। समयमा प्रस्फुटन हुन नसकेका प्रशस्त आवाजहरू समयक्रममा विभिन्न स्वरूपमा प्रस्तुत हुन्छन्। सुषुप्त अवस्थामा रहेका आम जनताका आवाजहरू सुन्न वा बुझ्न नसक्नु र नीति निर्माणमा तिनलाई उपेक्षा गर्नु नै नीति वा निर्णयहरूको असफलताको कारक हो।अष्ट्रेलियामा कुनै सार्वजनिक नीति निर्माण कार्य वा कुनै सार्वजनिक महत्वको निर्णय गर्दा सामान्यत: तपाईंको भनाइ राख्नुहोस् (ह्याभ योर से) भन्ने अनलाइन खुला प्लेटफर्म मार्फत जनताका आवाज, भनाइ संकलन गरिन्छ।

यसका अलावा ‘पब्लिक सब्मिसन’ का लागि आह्वान गरिन्छ जसमा सरोकारवाला व्यक्ति वा संगठनले आफ्ना सरोकार, पक्ष, विपक्षमा तर्क सहित आफ्नो भनाइ राखी सम्बन्धित निकायमा बुझाउन सक्छन्। यी सबै सरोकारको विश्लेषण गरेर मात्रै नीति निर्माणको प्रक्रिया अघि बढ्छ।अध्ययन अनुसन्धान तथा विज्ञहरूका अलावा जनताको आवाजलाई उत्तिकै महत्वका साथ हेरिन्छ ताकि नीति बनिसकेपछि त्यसको कार्यान्वयन सहज होस् र जनताको विरोध नहोस्। यस्तो व्यवस्था भएपछि कसैले कसैको प्रतिनिधित्व गरिराख्नुपर्दैन। हरेक व्यक्तिले आफ्नो सरोकार सम्बन्धित निकायसमक्ष आफैं राख्न पाउँछ जसले गर्दा सार्वजनिक नीतिप्रति जनआक्रोश कम हुन्छ।

**निष्कर्ष**

लक्षित वर्ग समूहलाई समावेश नै नगरी एकपक्षीय रूपमा मुट्ठी कसेर बन्ने कुनै पनि नीति लोकतान्त्रिक मुलुकमा ग्राह्य हुँदैन। नेपालका तीनै तहका सरकार यस सन्दर्भमा गम्भीर बन्न जरुरी छ। विश्वमा नीतिनिर्माणमा सहभागितामूलक प्रणाली, को-डिजाइन लगायत विधिको प्रचलन बढ्दै गएको छ। जसका लागि नीतिनिर्माण गरिन्छ उसको सहभागिता मात्र हैन उनीहरूको निर्णयात्मक भूमिकाको बढ्दो प्रयोग भइरहेको छ।सीमित राजनीतिक, प्रशासनिक नेतृत्वले सीमित र परम्परागत ज्ञानको घेरामा आफ्नै अगाडि पछाडि हेरेर, नाफा नोक्सान हिसाब गरेर अनि आफ्ना कम्फर्ट जोनहरू कायम राख्ने गरी मुट्ठी कसेर नीति निर्माण गर्ने पद्धतिमा रूपान्तरण नभएसम्म अहिले व्यापक रूपमा देखिएको जनताको आक्रोश, सरकारप्रतिको अविश्वास र असन्तुष्टि कम गर्न सकिंदैन।भाषण हैन शासनमा सहनिर्माण, सहउत्पादन तथा सहअस्तित्व खोजेका हुन् जनताले।

अब पनि सरकारले आफूलाई उत्कृष्ट नीतिहरूको सर्जक ठानेर आफ्नै अमूल्य वाणी मार्फत उत्कृष्ट शासन सञ्चालन गर्छु भन्ने मृगतृष्णा बोकेर अघि बढ्न खोज्नु मूर्खता सिवाय केही हुन सक्दैन। सरकार दाता र जनता निष्क्रिय प्रापक हुन् भन्ने परम्परागत सोचबाट बाहिर निस्कन जरुरी छ।जनता सहउत्पादक, सहनिर्माता तथा शासन व्यवस्थाका साझेदार हुन्। त्यसैले जनताको अर्थपूर्ण र सक्रिय सहभागितामा उनीहरूले भोगेको अनुभवको जगमा सार्वजनिक नीतिहरू निर्माण गरिनु र शासन सञ्चालन हुनुपर्दछ। अनि मात्र सरकारले जनताको विश्वास तथा भरोसा प्राप्त गर्न र लोकतान्त्रिक शासन व्यवस्था सुदृढ बन्न सक्दछ।

(नेपाल सरकारका शाखा अधिकृत रहेका लेखक हाल सिड्नी विश्वविद्यालयमा सार्वजनिक नीति विषयमा स्नातकोत्तर तहमा अध्ययनरत छन्।)

**सार्वजनिक सम्पति अतिक्रमण नगरौं ।**
**कर तिर्नु सबै नगरवासीहरुको कर्त्तव्य हो भने सेवा प्राप्त गर्नु अधिकार हो ।**
**बेटी पढाऔं, बेटी बचाऔं ।**
**हाम्रो सिम्रौनगढ हामी सबै मिलेर सबल, सक्षम र सशक्त बनाऔं ।**
**सधै चर्पीको प्रयोग गरौं र खुल्ला रुपमा शौच नगरौं ।**
**नगरलाई सफा र स्वच्छ राखौं ।**
**सेवा सुविधा प्राप्तिका लागि समय मै सम्पूर्ण तिर्नुपर्ने कर अनिवार्य चुक्ता गरौं ।**
**सिम्रौनगढ नगरपालिकाको कार्यालय**
**सिम्रौनगढ बारा**

शौचालयको निर्माण गरौ गा.पा.लाई खुल्ला दिशा मुक्त बनाऔं ।
सिम्रौनगढ
नगरपालिको कार्यालय
सिम्रौनगढ, बारा

पर्यटकीय स्थलको संरक्षण र प्रचार गरौ, नगरको विकासमा सबै एक जुट होऔं।
महागढीमाई
नगरपालिका कार्यालयको
बरियारपुर, बारा

पर्यटकीय स्थलको संरक्षण र प्रचार गरौ, नगरको विकासमा सबै एक जुट होऔं।
महागढीमाई
नगरपालिका कार्यालयको
बरियारपुर, बारा

# मधेस प्रदेशमा...

पैसा मात्र खर्च भएको छ । सरकारले पुंजीगततर्फ कुल विनियोजित २५ अर्ब ५३ करोड ९६ लाख ९४ हजार रुपैयाँमध्ये मंसिर ७ गतेसम्म ४९ करोड ७८ लाख ९१ हजार ५६४ रुपैयाँ ६ पैसा खर्च गरेको लेखा नियन्त्रका कार्यालयले जनाएको छ ।यस्तै चालुतर्फ रहेको १८ अर्ब ५७ करोड ४९ लाख ३८ हजार बजेटमध्ये साउन १ देखि मंसिर ७ गतेसम्म १ अर्ब ९४ लाख ३१ हजार ४५८ रुपैयाँ ३० पैसा खर्च भएको तथ्याङ्कमा उल्लेख छ ।चालु आर्थिक वर्षको बजेट खर्चका लागि अर्थ मन्त्रालयले मधेस प्रदेश सरकार मातहतका मन्त्रालयहरुको नाममा सार्वजनिक गरेको ६२ बुँदे बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनको ३८ नम्बर बुँदामा तलब भत्ता बाहेक अधिकांश बजेट शीर्षकको विनियोजित बजेट खर्चमा आफ्नो पूर्व स्वीकृति लिनुपर्ने प्रावधान राखेको थियो ।मार्गदर्शनमा निर्मित भवनको संरचनात्मक सुधार, पुँजीगत सुधार खर्च सार्वजनिक निर्माण, पुँजीगत परामर्श, फर्निचर तथा फिक्चर्स, मेसिनरी तथा औजार , सिप विकास तथा जनेचतनामूलक तालिम तथा गोष्ठी सम्बन्धी खर्च, कार्यक्रम खर्च, विविध कार्यक्रम खर्च र अन्य संघ संस्थाहरूलाई अनुदान लगायतका खर्चहरू गरेमा अर्थ मन्त्रालयसँग मन्त्रालयहरुले पूर्वस्वीकृति लिनुपर्ने उल्लेख छ । तर विदेश भ्रमण र अनावश्यक खर्च सम्बन्धमा अर्थ मन्त्रालय नै मौन छ ।मुख्यमन्त्री सरोज कुमार यादव नेतृत्वको मधेस प्रदेश सरकार गठन भएको एक वर्ष पुग्न लागेको छ । यो अवधिमा प्रदेश सरकारले न विकास निर्माणलाई अगाडि बढाउन नसकेको छ, न कानुन निर्माणलाई नै गति दिन सकेको छ ।मुख्यमन्त्री यादवले प्रदेश सभाको पाँचौ वार्षिकोत्सवमा मधेस सरकारले बुलेट ट्रेनको स्पिडमा काम गर्ने बताएका थिए । तर प्रदेश सरकारले गरेको खर्चको प्रगति हेर्दा सरकारले विनियोजन गरेको बजेट एक महिनामा १ प्रतिशत पनि खर्च भएको देखिँदैन ।आर्थिक वर्ष २०७९-०८० मा मधेस प्रदेश सरकारले ४७ अर्ब २ करोड ५० लाख ५२ हजार ११७ रुपैयाँ बजेट विनियोजन गरेकोमा २७ अर्ब ३३ लाख १२ हजार ८८८ रुपैयाँ ५२ पैसा मात्र खर्च भएको थियो । अर्थात् कुल बजेटको ५८.५८ प्रतिशत रकम खर्च भएको थियो ।यस्तै आर्थिक वर्ष २०७८-०७९ मा ३४ अर्ब ८८ करोड ९८ लाख १० हजार बजेटमध्ये १७ अर्ब ७६ करोड ३६ लाख ७५ हजार ७४९ रुपैयाँ बजेटमात्र खर्च भएको थियो ।संघीय सरकारले बजेटमा काखापाखा गरेको आरोप लगाउँदै आएको मधेस प्रदेश सरकारले बजेट खर्चको ग्राफलाई बढाउन सकेको छैन ।

# सरकार, हामी..

जायज मागहरूको सम्बोधन गर्न राज्य किन आनाकानी र ढिलासुस्ती गर्दैछ ? हामी जस्ता शारीरिक तथा मानसिक रूपले कमजोर व्यक्तिको आवाज सम्बन्धित पक्षसम्म कसरी पुऱ्याउने अहिले चुनौती बनेको छ ।

शरीरबाट प्राण फुस्किसकेपछि मानिस एकपटक मृत घोषित हुन्छ । तर बाँचिरहँदा पाइला-पाइलामा आफू मरेको दृश्य आफैं हेरी बाँच्न बाध्य छौं हामीहरू । कुनै शारीरिक रोग परास्त गर्न आशावान् अनि प्रशन्न मन अन्य लाख औषधि भन्दा प्रभावकारी हुन्छ भनिन्छ । हामी त चौतर्फी पीडाले घेरिइरहेका छौं ।

यस्तोमा हामीले कसरी आरोग्यता प्राप्त गर्न सक्छौं ?हामीले आफ्नो जीवनको उज्यालो दिनानुदिन मधुरो हुँदै गर्दा अलिकति उज्यालो मागेका हौं । निभ्न लागेको दियोमा केही तेल थपिदेऊ, निभ्न नदेऊ सरकार भनेका हौं । उपचारकै निम्ति सर्वस्व सकिसकेपछि अब सकिन बाँकी त यही ज्यान न हो ! डायलासिसकै लागि यतिका शुल्क खै कसरी बुझाउने ? सरकार अब हामी कसरी पो बाँच्ने ?

# ७८ जनामा....

४० जना पुरुष, ३३ जना महिला, तीन जना तेस्रो लिङ्गी र दुई जना बालबालिका छन् । जिल्लामा अहिलेसम्म दुई हजार तीन सय १९ जनामा एचआइभी सङ्क्रमण पुष्टि भएको छ । पत्रकार सम्मेलनमा दिएको जानकारीअनुसार एक हजार दुई सय १० जना पुरुष, नौ सय २३ जना महिला, २४ जना तेस्रो लिङ्गी र एक सय ६२ जना बालबालिका छन् ।

**सार्वजनिक सम्पति अतिक्रमण नगरौं ।**
**कर तिर्नु सबै नगरवासीहरुको कर्त्तव्य हो भने सेवा प्राप्त गर्नु अधिकार हो ।**
**बेटी पढाऔं, बेटी बचाऔं ।**
**हाम्रो सिम्रौनगढ हामी सबै मिलेर सबल, सक्षम र सशक्त बनाऔं ।**
**सधै चर्पीको प्रयोग गरौं र खुल्ला रुपमा शौच नगरौं ।**
**नगरलाई सफा र स्वच्छ राखौं ।**
**सेवा सुविधा प्राप्तिका लागि समय मै सम्पूर्ण तिर्नुपर्ने कर अनिवार्य चुक्ता गरौं ।**
**सिम्रौनगढ नगरपालिकाको कार्यालय**
**सिम्रौनगढ बारा**

**व्यक्तिगत घटना दर्ता समय मै गरौं**
**जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।**
**जीतपुरसिमरा उपमहानगरपालिका**
**जीतपुर, बारा**



सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश
National DAILY दैनिक
जि.प्र.का.दर्ता ७८/२०७५/७६

# सरकार, हामी कसरी बाँच्ने ?

‘आफ्नो स्वास्थ्य उपचारकै लागि अब कुनै पनि नेपालीले घरखेत बेच्नुपर्ने छैन, मिर्गौला डायलासिसको सम्पूर्ण खर्च सरकारले व्यहोर्छ’ भनी तत्कालीन सरकारले गरेको घोषणाले सम्पूर्ण बिरामीलाई जीवनप्रति वितृष्णा हटाइ आशाको सञ्चार गरायो ।गगन थापा स्वास्थ्य मन्त्री रहेको समयमा कार्यान्वयनमा आएको यो घोषणा धेरै मिर्गौलाको डायलासिस गरिरहेकाहरूको निम्ति वरदान साबित भयो ।

आफ्नो रोगको उपचारकै लागि सर्वस्व सकिएर गरिबीको दुश्चक्रमा पिसिंदै गरेकाहरु अब आउने जोखिममा सरकारको साथ रहनेमा ढुक्क भयौं । गणतान्त्रिक सरकारद्वारा जारी नेपालको संविधानको भाग ३ को मौलिक हक अन्तर्गतको धारा ३५ का स्वास्थ्यसम्बन्धी हकमा उल्लिखित व्यवस्थाहरूको वास्तविक कार्यान्वयनले सरकारप्रति जनताको विश्वास चुलिंदै गयो । मिर्गौलाका बिरामी कसैले पनि गरिबीकै कारण डायलासिस नपाएरै मर्नुपर्ने छैन भनी सन्तुष्टिको लामो सास फेरे ।

अत्यन्तै महँगो शुल्क तिरेर गर्दै आएको डायलासिस सेवा निःशुल्क भएपछि न हो पहिलो पटक राज्य आफ्नो अभिभावक हो भन्ने बिरामीले अनुभूत गरेको ।नेपालमा विगत लामो समयदेखि विभिन्न सरकारी तथा प्राइभेट अस्पतालहरूले मिर्गौला रोगको उपचार सम्बन्धी सेवा प्रदान गरिरहेका छन् । निःशुल्क घोषणा अघि बिरामीले बाँच्नका लागि भोग्नुपरेको आर्थिक अभाव, परिवारको उचित व्यवहारको अभाव, सामाजिक अवहेलना लगायत कारण बिरामी शारीरिक सँगसँगै मानसिक पीडाको सिकार बन्नुपर्‍यो । सो अवधिमा उपचारको खर्च धान्न नसकेर धेरै बिरामीले अप्राकृतिक मृत्युको बाटो रोज्न बाध्य भएका धेरै घटना सर्वविदितै छन् ।मानिसका शरीरमा रहेका दुवै मिर्गौलाले काम गर्न छाडेपछि डाक्टरको सुझाव र हन्छ प्रत्यारोपण कि त डायलासिस गर्नुपर्दछ । सबै बिरामीको प्रत्यारोपणमा समान पहुँच हुँदैन । जसमा तिर्नुपर्ने चर्को शुल्क, अंगदाताको अभाव, पारिवारिक बेवास्ता आदि हुन् । त्यसपछि बिरामीको उपचारको अर्को विकल्प भनेकै डायलासिस रहन्छ ।

त्यसभित्र पनि हेमोडायलासिस र पेरिटोनियल डायलासिस (सीएपीडी) मध्ये एक गर्नुपर्ने हुन्छ, विशेषज्ञ डाक्टरको सुझाव बमोजिम ।

बिरामीको पाखुरामा फिस्टुला बनाएर हप्ताको दुईदेखि तीन पटकसम्म सम्बन्धित अस्पताल गएर हेमोडायलासिस गर्नुपर्दछ । पेरिटोनियल डायलासिस चाहिं बिरामीले घरमै सुरक्षित रूपले दिनको तीनदेखि चार पटकसम्म गर्नुपर्ने हुन्छ ।

विभिन्न कारणले हेमोडायलासिस गर्न नमिल्ने बिरामीहरूले सीएपीडी गर्नुपर्ने हुन्छ ।यो लेख चाहिं सरकारले निःशुल्क घोषणा गरे पनि विगत ६ वर्षदेखि शुल्क तिरी पेरिटोनियल डायलासिस (सीएपीडी) गरिरहेका म जस्ता बिरामीको समस्यामा केन्द्रित छ ।सीएपीडी गरिरहेका बिरामीले डायलासिस गर्दा प्रयोग गर्ने तरल औषधिलाई सीएपीडी फ्ल्युड

भनिन्छ । अत्यन्तै महङ्गो शुल्क पर्ने यो फ्ल्युड सरकारले निःशुल्क दिने घोषणा गरेको छ । ८-८ घण्टाको फरकमा दैनिक तीन पटक गरी महिनामा ९० प्याकेट फ्युड बिरामीले प्रयोग गर्नुपर्ने हुन्छ । बिरामीको स्वास्थ्य अवस्था अनुसार कतिपय अवस्थामा दैनिक चार पटक प्रयोग गर्दा १२० प्याकेट पनि प्रयोग हुन्छ ।फिलिपिन्सस्थित बाक्सटर कम्पनीले उत्पादन गरेको फ्ल्युडको नेपालको वितरक चाहिं डी के मेडिसिल्स कुलेश्वर, काठमाडौं रहेको छ ।

सुरुमा वितरकसँग प्रति प्याकेट रु.५०१ का दरमा किन्ने गरी सरकारसँग सम्झौता भएको थियो । यसरी प्रतिव्यक्ति मासिक रूपमा प्रयोग हुने ९० प्याकेटको रु.४५ हजार ९० सहुलियत मार्फत हामी डायलासिस गर्न थाल्यौं । यतिका रकम मासिक रूपमा सरकारबाट भुक्तान हुनु सानो कुरा थिएन हाम्रो उपचारका लागि ।

तर केही समयपश्चात् फिलिपिन्सबाटै फ्ल्युडको मूल्य बढेर आएको भन्दै वितरकले प्रत्येक बिरामीबाट रु.२ हजारका दरले मासिक रकम लिन थाले । सरकारले साविक रकम रु.४५ हजार ९० का दरले प्रति बिरामी मासिक रूपमा भुक्तान गर्‍यो वितरकलाई । बढेको शुल्क बारे हामीले सरकारलाई ध्यानाकर्षण गरायौं, तर वास्ता गरिएन ।हाम्रो लागि सरकारले यतिका भार उठाएको छ ठिकै छ यति शुल्क अहिलेलाई हामी आफैं तिर्दै गरौं भनी तिर्दै रह्यौं । लगत्तै अर्को वर्ष पुनः मूल्य बढेर आयो भन्दै वितरकले रु.५ हजारका दरले मासिक रूपमा वृद्धि शुल्क लिन सुरु गर्‍यो । यस समयमा पनि सरकारले वितरक र सरकारबीचको पुरानै सम्झौता शुल्क मात्रै भुक्तान गर्‍यो । थप शुल्क हाम्रै थाप्लोमा आइलाग्यो ।यसैगरी अहिले भन्दा दुई वर्षअघि यो शुल्क रु.५ हजारबाट वृद्धि भएर रु.७ हजार ५६० पुग्यो । नियम कानुन बनाएर नै निःशुल्क भनी घोषित डायलासिसमा बिरामीले चर्को मूल्य व्यक्तिगत रूपमा तिर्नुपरेपछि ध्यानाकर्षणका निम्ति हामी मन्त्रालय, औषधि व्यवस्था विभाग लगायत सम्बन्धित निकायमा धाइरह्यौं । तर पनि हाम्रो समस्या सरकारको अनदेखामा परिरह्यो ।समस्या यतिमा मात्रै सीमित रहेन ।

गत कात्तिक २१ गते एक पत्र मार्फत मासिक वृद्धि शुल्क रु.७ हजार ५६० बाट रु.१५ हजार २१० पुगेको वितरकले सूचित गराए ।यसपटक एकैपटक दोब्बर मूल्य वृद्धि भएपछि कात्तिक महिनासम्म रु.७ हजार ५६० तिर्दै आएका हामीहरूले मंसिरदेखि रु.१५ हजार २१० तिर्नुपर्ने भयो । क्रमैसँग बिरामी माथि पर्दै आएको भार लगायत विषयमा त्यसको केही दिनपछि बिरामी र वितरक बीच तत्कालीन समस्याबारे एक बैठक बस्यो । बैठकमा सरकारले लामो समयदेखि कुनै भुक्तान नगरेकोले मंसिरबाट फ्ल्युड वितरण नगर्ने जनायो ।बिरामीको अनुरोधपश्चात् वितरकले मंसिर महिनाको लागि मात्रै भनी औषधि वितरण गर्ने त भयो तर शर्त सहित । जसअनुसार सरकारले भुक्तान गर्दै आएको रकमको आधा रकम रु.२२ हजार ५४५ र बढेको शुल्क रु.१५ हजार २१० गरी जम्मा रु.३७ हजार ७५५ हामी आफैंले तिर्नुपर्नेछ । यो पटक पनि हामीले जसोतसो तिर्‍यौं ।यसरी सरकारले निःशुल्क भनेको सेवामा हामीले यतिका शुल्क तिर्‍यौं । त्यस्तै सरकारले यसअघि ठूलो रकम भुक्तान नगरेको भन्दै आउने महिनादेखि वितरकले फ्ल्युड उपलब्ध नगराउने भनेको छ ।

यस्तोमा हामी प्रयोगकर्ताले मासिक रु.६० हजार बढी त डायलासिसमै खर्चिनुपर्ने अवस्था आउँछ । यसरी कतिन्जेल धानिनेछौं भन्ने विषय हामी सबै सीएपीडी गरिरहेका बिरामीको चिन्ताको विषय बनेको छ ।साँच्चै बाँच्नु ठूलो कुरा रहेछ । हामीले बाँच्नकै लागि गर्नुपरेको संघर्षको फेहरिस्त कति दर्दनाक हुन्छ त्यो भोग्नेलाई मात्र थाहा हुन्छ ।

जीवनको मूल्य सबैलाई उत्तिकै हुन्छ । तर समान रोगमा राज्यको उपल्लो तहका व्यक्ति र भुइँमान्छेलाई किन भेदभाव गरिन्छ ? हो, राज्यको लागि विशेष योगदान पुर्‍याएका व्यक्तिलाई बचाउनुपर्छ तर जनता उपचार खर्च धान्न नसकी मर्दैछन्, त्यतातिर पनि त ध्यान दिनुपर्छ हैन र ?अहिले एकाधबाहेक सबैको अवस्था यतिको खर्च गरेर उपचार गराउने छैन । शरीरमा लाग्ने यस्ता खर्चालु दीर्घ रोगले जति शरीर गलाउँछ, त्योभन्दा कैयन् गुणा गलाउँछ भित्री मनलाई । कतिपय बिरामीको विपन्न भएकै कारण उपचारकै निम्ति दुई-चार पैसा माग्दै हिंड्नेसम्मको अवस्था छ । यस्तो गर्न कसको पो रहर होला र ?नेपालका सबै जिल्लाका अस्पतालमा डायलासिस सेवा उपलब्ध छैन । अकस्मात् स्वास्थ्यमा आइरहने समस्याका कारण उपचारका लागि बिरामीले अस्पताल छेउछाउ नै बस्नुपर्ने हुन्छ । यसरी मासिक कोठा भाडा, खानपिन, अन्य औषधि खर्च आदि शीर्षकमै नगन्य खर्च आवश्यक पर्छ ।

यति जरूरी पूरा गर्न त कति बिरामीले चन्दा, आफन्तको सहारा लिनुपर्छ भने यतिका शुल्क तिरी कसरी डायलासिस गर्ने चिन्ता बढ्दै गएको छ ।अहिले पनि सरकारका मन्त्रीहरूले जनकेन्द्रित कामको बखान गर्दै ‘यो गरेका छौं, त्यो गरेका छौं’ भन्दै गर्दा सरकारले डायलासिस निःशुल्क गरेको छ, जसबाट लाखौं बिरामी लाभान्वित भएका छन् भन्न छुटाउँदैनन् ।

सीएपीडी गरिरहेका हामी करिब ४०० को संख्यामा रहेका बिरामी चाहिं वर्षौंदेखि यतिका रकम तिर्दै गर्दा र सो रकम अहिले मासिक रूपमा रु.३७ हजार ७५० पुग्दा के यसलाई निःशुल्क भन्न मिल्छ ? साविक शुल्क पनि सरकारले भुक्तान नगरे आगामी महिनाबाट प्रत्येक महिना रु.६० हजार बुझाउनुपर्नेछ ।यसरी हामीलाई मारमा पारेर निःशुल्कको खोक्रो नारा कहिलेसम्म घन्काउने हो सरकार ? आफैं ऐन-कानुन बनाएर कार्यान्वयन गर्नबाट सरकार पछि हट्न मिल्छ ? मन्त्रालय अनि स्वास्थ्य मन्त्री किन गैरजिम्मेवारपूर्ण व्यवहार गर्दैछन् हामीप्रति ? यस्ता प्रश्नहरू हामीमाझ टड्कारो रूपमा उठिरहेका छन् ।

तर उत्तर दिने निकाय चुपचाप छ ।हामीहरू हाम्रा माग, समस्याहरू लिएर पटक-पटक माइतीघरको बाटो हुँदै मन्त्रालय धाइरहँदा माइतीघरमा आफ्नो माग सम्बोधन गर्न सरकारलाई दबाब दिने उद्देश्यले धेरै व्यक्ति तथा संस्थाहरू आन्दोलनमा थिए ।आन्दोलन मार्फत धेरैका माग सम्बोधन पनि भए सरकारबाट । ठूला-ठूला झुण्डहरू समावेश सो आन्दोलनमा कतिपय अवस्थामा हताहत, धरपकड पनि भए अन्ततः चर्को दबाब पछि सरकारले धेरै मागहरू समाधानमा तत्परता देखायो ।हामी अहिले पनि आफ्ना समस्या बोकेर त्यही बाटो हुँदै मन्त्रालय धाइरहेका छौं तर उपेक्षामै परिरहेका छौं । आजकल यस्तो लाग्न थालेको छ, शान्तिपूर्ण रूपले राखिने माग अनि समस्याप्रति सरकार अन्धो मात्र हैन बहिरो बन्दो रहेछ ।सरकारको ध्यानाकर्षण गराउन के नेपालका सडकमा मानिसहरूले टाउको फुटाउनै पर्ने हो ? के टायर सल्काउनै पर्ने हो ?

बाँकी तेस्रो पृष्ठमा........

**श्री काँटवासी माई पञ्चबर्षिय पूजा एवं मेला समिति**
**मुल समितिको कार्यालय**
महागढीमाई नगरपालिका वडा नं. ७
तेलगाई, बारा ।

प.स. :२०८०/०८१
च.न. :-

प्रस्तुत विषयमा महागढीमाई नगरपालिका अन्तर्गत वडा नं. ७ तेलगाईमा अवस्थित श्री काँटवासी माई पञ्चबर्षिय पूजा एवं मेला ब्यव्थापन तथा सञ्चालनको लागि मेला क्षेत्र ओगट्ने जग्गाहरु डाँक बढाबढ हुने मेला मुल समितिको निर्णयानुसार तपसिल बमोजिमको शर्तको अधिनमा रही उल्लेखित मिति समय र स्थानमा डाँक बढाबढ हुने ब्यहोरा जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

मिति- २०८०।०८।१७ गते आईतवार
समय- दिउसो ०१.०० बजे
स्थान- श्री काँटवासी माई मन्दिर प्रांगन

शर्तहरु-
१.ठेक्काको न्युनतम कबोल रकम रु.५०१०००।- अक्षरेपी रु. पाँच लाख एक हजार मात्र रहने छ ।
२.ठेक्का सकार गर्ने ठेकेदार नेपाली नागरिक भएको हकमा कबोल रकमको ५ प्रतिशत र बिदेशी ठेकेदारको हकमा कबोल रकमको १० प्रतिशत धरौटी रकम जम्मा गर्नु पर्नेछ ।
३.ठेक कबोल रकम एकमुष्ट मेला समितिको खाता/ नगद जम्मा गर्नु पर्नेछ ।
४.मनोरन्जनको लागि वितरण गरिएको जग्गामा यस सम्बन्धि कुनै किसिमको कर लाग्ने छैन ।
५.ठेक्केदारले जग्गा बितरण गर्दा १ हात जग्गा बराबर ९ हात चौडाई सहित हुने गरी मुख्य सडक संग जोडीएको जग्गा प्रति हात रकम रु. ३०० (तीन सय) र सहायक सडक संग जोडिएको जग्गा प्रतिहात रकम रु. २०० (दुई सय) का दरले वितरण गर्न पाउनेछ ।
६.ठेका सकार गर्ने ठेकेदारले तोकिएको समय भित्र एकमुष्ट रकम जम्मा नगरेमा निजको धरौटी रकम जफत गरी दोश्रोलाई मेला समितिले पत्राचार गर्नेछ र सोही अनुसार दोश्रोले जम्मा गर्न नसके तेश्रोलाई मान्यता दिईनेछ ।
७.यसमा उल्लेख हुन छुट भएका बिषयहरु मेला समितिको निर्णयानुसार हुनेछ ।

शिवेन्द्र प्रताप सिंह
अध्यक्ष

**व्यक्तिगत घटना दर्ता समय मै गरौं**
जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।
आदर्श कोतवाल गाउँपालिकाको कार्यालय
महेन्द्र आदर्श बारा

**व्यक्तिगत घटना दर्ता समय मै गरौं**
जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।
बारागढी गाउँपालिकाको कार्यालय
बारागढी, बारा

**व्यक्तिगत घटना दर्ता समय मै गरौं**
जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।
सिम्रौनगढ नगरपालिकाको कार्यालय
सिम्रौनगढ बारा